# ग्रेटर अस्टिन नेपाली सोसाईटी (ग्यान्स)

## विधान (Bylaws)

| | **विधान स्वीकृत वा संशोधन भएको:** |
|---|---|
| १. | प्रथम अधिवेशन, फेब्रुअरी १५, २०१५ |
| २. | दोस्रो अधिवेशन, जनवरी १५, २०१७ (पहिलो संशोधन) |
| ३. | तेस्रो अधिवेशन, फेब्रुअरी १०, २०१९ (दोश्रो संशोधन) |
| ४. | चौथो अधिवेशन, मे १६, २०२१ (तेश्रो संशोधन) |
| ५. | आठौं बार्षिक साधारण सभा, सेप्टेम्बर २५, २०२२ (चौथो संशोधन) |
| ६. | दशौं बार्षिक साधारण सभा, विधान विशेष अधिवेशन– मे ४, २०२५, निर्वाचन– जुन १५, २०२५ (पाँचौं संशोधन) |

**विषयसूची:**


| **पेज नं.** | **विषय** |
|---|---|
| १ | प्रस्तावना |
| २ | शब्दार्थ |
| ३ | **भाग १:** संस्थाको नाम |
| ३ | **भाग २:** संस्थाको लोगो |
| ३ | **भाग ३:** सदस्यता |
| ५ | **भाग ४:** ट्रस्टी |
| ६ | **भाग ५:** ग्रेटर अस्टिन नेपाली सामुदायिक तथा आध्यात्मिक केन्द्र |
| ७ | **भाग ६:** संस्थाको संगठन संरचना |

greateraustin nepalisociety


| | |
|---|---|
| ८ | **भाग ७:** ग्यान्स नेतृत्व गठन प्रक्रिया |
| ८ | **भाग ८:** उप समिति तथा विभागहरू |
| १० | भाग ८ (क) ग्यान्स कार्य समिति अन्तर्गत विभागहरू<br><br>१. खेलकुद तथा अतिरिक्त क्रियाकलाप विभाग २. नेपाली पाठशाला विभाग ३. सामाजिक सेवा तथा परोपकार विभाग |
| १० | भाग ८ (ख) ग्यान्स बोर्ड अफ ट्रस्टी अन्तर्गत उप समितिहरू<br><br>१. इन्जिनियरिंग तथा प्राविधिक समिति २. सामुदायिक तथा आध्यात्मिक केन्द्र व्यवस्थापन समिति<br>३. पूजा व्यवस्थापन समिति |
| ११ | **भाग ८ (ग) संयुक्त कार्य क्षेत्र अन्तर्गतका उप समितिहरू:** |
| ११ | १. विधान तथा अनुशासन समिति |
| १३ | २. आर्थिक समिति |
| १४ | ३. कला तथा सॉस्कृतिक समिति |
| १४ | ४. सूचना तथा संचार समिति |
| १४ | ५. स्वयंसेवक व्यवस्थापन समिति |
| १५ | ६. सल्लाहकार समिति |
| १५ | **भाग ९:** ट्रस्टी भेला |
| १५ | **भाग १०:** बार्षिक साधारण सभा र अधिवेशन (सम्मेलन) |
| १७ | **भाग ११:** बैठक प्रक्रिया तथा कमिटी पद्धति |
| १७ | **भाग १२:** अन्य संघ संस्थाहरू सित ग्यान्सको सम्बन्ध |

# प्रस्तावना (Preamble)

हामी, अमेरिकाको टेक्सास राज्यको अष्टिन तथा आसपास क्षेत्रका नेपाली निवासीहरूले निम्न उद्देश्यहरूका लागि ग्रेटर अष्टिन नेपाली सोसाइटी नामक यो गैर-नाफामुखी, सामाजिक संस्था १५ सेप्टेम्बर २०१३ मा गठन गरी, अमेरिकी कानुनअनुसार ५०१(अ)(३) अन्तर्गत दर्ता गरेका छौं:

१. हाम्रो समुदायको विशेष पहिचानलाई संरक्षण गर्न ।

२. नेपाली भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्दै, विविध सामाजिक गतिविधिहरूको माध्यमबाट समुदायको हित अभिवृद्धि गर्न ।

३. व्यक्तिगत स्वतन्त्रता र समानताको सम्मान गर्दै, लैङ्गिक, धार्मिक, क्षेत्रीय, जातीय वा राजनीतिक विश्वासका आधारमा कुनै पनि प्रकारको भेदभाव नगरी आपसी भाइचारा र सामाजिक एकता सुदृढ गर्न।

४. अन्य नेपाली वा गैर-नेपाली समुदायहरू तथा तिनका संस्कृतिहरूसँग शान्तिपूर्ण सहअस्तित्व, सांस्कृतिक आदानप्रदान, र भ्रातृत्वपूर्ण सम्बन्ध प्रवर्द्धन गर्न ।

संस्थाको आधिकारिक अधिवेशनमार्फत पारित गरिएको यो विधान संस्थाको विधिसम्मत सञ्चालनको आधार हुनेछ ।

## शब्दार्थ (Definitions)

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा प्रयोग गरिएका शब्दहरू:

१) **ग्यान्स (GANS):** भन्नाले यस संस्थाको नाम ग्रेटर अस्टिन नेपाली सोसाईटीलाई बुझाउँछ ।

२) **ग्यान्क (GANCSC):** भन्नाले ग्रेटर अस्टिन नेपाली सामुदायिक तथा आध्यात्मिक केन्द्र (Greater Austin Nepali Community & Spiritual Center)/(GANCSC) ग्यान्सको सम्पत्ति वा स्थायी परियोजना हो ।

३) **बिओटी या ट्रस्टी बोर्ड:** भन्नाले बोर्ड अफ ट्रस्टीलाई बुझाउँछ ।

४) **संस्था:** भन्नाले ग्रेटर अस्टिन नेपाली सोसाईटीलाई बुझाउँछ ।

५) **विधान (Bylaws):** भन्नाले ग्यान्सको विधान अधिवेशन वा आधिकारिक निकायद्वारा पारित सबै सदस्यहरू र संस्थालाई लागू हुने नियमको मूल दस्तावेजलाई बुझाउँछ ।

६) **चन्दादाता:** भन्नाले संस्थालाई निस्वार्थ र निसर्त रुपमा कानुनसम्मत आर्थिक वा भौतिक सहयोग गर्ने कुनै व्यक्ति, समुह वा संघ संस्थालाई बुझाउँछ ।

७) **ट्रस्टी**: भन्नाले निश्चित मापदण्ड भन्दा माथिका चन्दादाताले इच्छा गरेको खण्डमा तोकिएको ढाँचामा आवेदन दिई संस्थाको आधिकारिक निकायबाट स्वीकृत गरेको परिवार वा कुनैं समुह वा संघ संस्थालाई बुझाउँछ ।

८) **ट्रस्टी सदस्य:** भन्नाले ग्यान्सको सदस्यताका लागि योग्य ट्रस्टी परिवार भित्रको ग्यान्स सदस्यलाई बुझाउँछ ।

९) **सदस्य**: भन्नाले ग्यान्सको विधान अनुसार दर्ता गरी स्वीकृत भएका सदस्यहरू अर्थात ग्यान्स साधारण सदस्य, आजीवन सदस्य र ट्रस्टी सदस्यलाई बुझाउँछ ।

१०) **नेपाली:** भन्नाले ग्रेटर अस्टिन क्षेत्रमा बसोबास गर्ने सबै नेपाली मूलका नेपाली भाषीलाई बुझाउँछ । नेपाली मूलका नेपाली भाषी भने पछि उनीहरू कुनै पनि देशबाट आएका र नागरिकता लिएका हुन सक्ने छन् ।

११) **ग्रेटर अस्टिन क्षेत्र:** भन्नाले अस्टिन र यसका आसपासका ग्यान्सको आफ्नो तोकिएको कार्य क्षेत्रलाई बुझाउँछ । यो अस्टिनलाई केन्द्र विन्दुमा राखेर मध्य टेक्सस वा तल उल्लेखित १९ वटा काउन्टीहरू 1. McLennan, 2. Coryell, 3. Lampasas, 4. Falls, 5. Burnet, 6. Bell, 7. Milam, 8. Robertson, 9. Brazos, 10. Burleson, 11. Williamson, 12. Travis, 13. Lee, 14. Blanco, 15. Hays, 16. Bastrop, 17. Comal, 18. Caldwell and 19. Guadalupe. रहेका छन् ।



## ***भाग १: संस्थाको नाम (Name of Organization)***

यस संस्थाको नाम 'ग्रेटर अस्टिन नेपाली सोसाइटी' (Greater Austin Nepali Society) हुनेछ र यसलाई छोटकरीमा 'ग्यान्स' (GANS) भन्न सकिनेछ।

---

## ***भाग २: संस्थाको लोगो (Logo of Organization)***

यो लोगो संस्थाको प्रतीक चिन्ह हो जसले संस्थाको नाम, परिचय र यसको गरिमालाई समेत प्रतिविम्बित गर्दछ। यसमा प्रयोग गरिएको रंग निलो, रातो र सेतो नेपाल र अमेरिका दुवै देशका झण्डामा प्रयोग भएको रंगको विशेष महत्व छ। यसमा भएको ताराले टेक्सस राज्यको झण्डालाई पनि प्रतिविम्वित गर्छ। नेपालको झण्डाको चन्द्र-सूर्य र निलो रातो रंग तथा नेपालको नक्सालाई समेत यसमा समेटिएको छ।

---

## ***भाग ३: संस्थाको सदस्यता (Membership of Organization)***

### (क) सदस्यताको योग्यता

- ग्रेटर अस्टिन क्षेत्रभित्र बसोबास गर्ने, १८ वर्ष पूरा गरेको नेपालीले ग्यान्सको विधान, उद्देश्य र अमेरिकी कानुनसँग सहमति जनाएर तोकिएको सदस्यता शुल्क तिरे पछि सदस्यता प्राप्त गर्न सक्नेछन्।
- संस्थाको आवेदन फारम भरेर आधिकारिक निकायद्वारा स्वीकृत भए पश्चात सदस्य मानिन्छ।
- टेक्सस आइडी अथवा मान्यता प्राप्त फोटो आईडी र सदस्यताको योग्यता प्रमाणित गर्ने प्रमाण हुनु पर्नेछ।

### (ख) सदस्यताको प्रकार

ग्यान्सका तीन प्रकारका सदस्यता हुनेछन्:

१. **साधारण सदस्यः** एक कार्यकालका लागि मान्य; प्रत्येक कार्यकालपछि पुनः नवीकरण गर्नु पर्नेछ।

२. **आजीवन सदस्यः** तोकिएको मापदण्ड पूरा गरी आवेदन स्वीकृत भएपछि पुनः नवीकरण आवश्यक पर्ने छैन।

३. **ट्रस्टी सदस्यः** ट्रस्टी परिवारभित्रका योग्य सदस्यहरूले आवेदन भरेर ट्रस्टी सदस्य भईनेछ। यो पनि स्वीकृत भएपछि पुनः नवीकरण आवश्यक पर्ने छैन।

## (ग) सदस्यता शुल्क

- साधारण सदस्यताका लागि एक कार्यकालभरका लागि १०० डलर शुल्क लाग्नेछ।
- आजीवन सदस्यताका लागि संस्थाद्वारा अघि सारिएको परियोजना सामुदायिक तथा आध्यात्मिक केन्द्रका लागि ३५० डलर वा बढी सहयोग गरेमा सदस्यताका लागि अलग्गै शुल्क तिर्नु पर्दैन। ३५० डलर संस्थालाई बुझाएर आजीवन सदस्यता लिन सकिन्छ, यो रकमलाई पनि केन्द्रका लागी चन्दामा संलग्न गरिनेछ।
- ट्रस्टी परिवारको मापदण्ड पूरा गरेर सदस्यताको मापदण्ड पनि पुरा गरेका उक्त परिवारका सदस्य ट्रस्टी सदस्य हुनेछन्।
- पुराना आजीवन वा ट्रस्टी सदस्यहरूलाई नयाँ नियमले असर गर्ने छैन।

## (घ) सदस्यका अधिकार र सिमा

- मतदानको अधिकारः सबै सदस्यलाई मतदान गर्ने अधिकार हुनेछ, बोर्ड अफ ट्रस्टीको निर्वाचनमा ट्रस्टी सदस्यहरुलाई मात्र मतदान गर्ने अधिकार हुनेछ।
- नेतृत्व गर्ने अधिकारः ट्रस्टी सदस्यहरूले मात्र विधान तथा संस्थागत निर्णयका आधारमा मुल नेतृत्व समितिहरु (कार्य समिति तथा संचालक समिति) मा उम्मेदवारी दिन वा मनोनित हुन सक्छन्। अन्य सदस्यहरू उपसमिति वा विभागमा रहेर काम गर्न सक्ने छन्।

## (ङ) नेतृत्वका लागि योग्यताः

१. **अध्यक्षका लागिः** ट्रस्टी सदस्य र एक कार्यकालको अनुभव आवश्यक छ। यसका लागि संस्थाले पछि पद पूर्ती गरेकोले पनि मान्यता पाउनेछ तर कार्य काल पूरा हुनु अगावै छाडेको भए र समितिले कुनैं कारण निश्काशन गरेको भए पनि अध्यक्षका लागि योग्य हुने छैन।

२. **बोर्ड अफ ट्रस्टी प्रमुख/उप प्रमुखः** गोल्डन ट्रस्टी वा माथिको र दुई कार्यकालको अनुभव हुनु पर्नेछ।

३. कार्य समिति वा बोर्ड अफ ट्रस्टीको अन्य पदका लागि ट्रस्टी सदस्य हुनु अनिवार्य हुनेछ।

४. अनुशासन उल्लंघन गरेर निष्काशन भएका व्यक्तिहरू कारबाही फुकुवा नभएसम्म ग्यान्स नेतृत्वका लागि अयोग्य हुनेछन् साथै सरकारी निकायमा फौजदारी अभियोग दर्ज भएर टुंगो नलागेका वा दोषी ठहर भएका व्यक्ति पनि अयोग्य हुनेछन्।

५. अमेरिकी सरकारको आन्तरिक राजस्व संहिता अनुसार, सबै धारा ५०१(सी)(३) संस्थालाई कुनै राजनीतिको पक्षमा वा विपक्षमा प्रत्यक्ष वा परोक्ष रूपमा कुनै पनि राजनीतिक अभियानमा भाग लिन वा हस्तक्षेप गर्न पूर्ण रूपमा निषेध गरिएको छ। ग्यान्सले यस नियमको पूर्ण पालना गर्नेछ। कुनै

राजनीतिक दल वा भातृ संगठनमा कार्यकारी समितिमा बसी प्रत्यक्ष रूपमा राजनीतिक संलग्न व्यक्ति ग्यान्स समितिको नेतृत्वमा उम्मेदवार बन्न सक्ने छैनन् । सबैका राजनीतिक आस्थालाई ग्यान्सले सम्मान गर्छ तर प्रत्यक्ष राजनीतिक संलग्नता भएका व्यक्ति कमसेकम १ वर्षदेखि असंलग्न भए पछि मात्र ग्यान्स नेतृत्वका लागि योग्य हुनेछन् । कुनै राजनीतिक दलले आफ्नो भातृ संगठन भनेर दावी गरेका वा स्वयंले आफूलाई भातृ संगठन मानेर त्यस किसिमका क्रियाकलापहरू गरेका कुनै पनि संगठनलाई उक्त राजनीतिक दलको भातृ संगठन भनेर मानिनेछ ।

**(छ) सदस्यताको खारेजी:**

मृत्यु, बसाइँ सराइ, ऐच्छिक राजीनामा, भ्रूटा विवरण, फौजदारी अपराधमा दोषी प्रमाणित, वा अनुशासन उल्लंघनमा संस्थागत निर्णयबाट सदस्यता खारेज हुनेछ ।

---

## ***भाग ४: ट्रस्टी (Trustee)***

- एउटै घरमा बस्ने तीन पुस्ताभित्रका परिवारलाई ट्रस्टी परिवार मानिनेछ ।
- ट्रस्टी बन्नको लागि सदस्यताको जस्तो मापदण्ड छैन, इच्छुक दाताहरू संस्थाले तयार पारेको आवेदन भरेर ट्रस्टी बन्न सक्ने छन् ।
- ग्यान्सको ट्रस्टी सदस्यता फरक कुरा हो । निश्चित रकम दिने चन्दादाता ट्रस्टी परिवार हुन् भने त्यस परिवार भित्रको सदस्यले ग्यान्स सदस्यताको मापदण्ड पूरा गरे पछि मात्र ग्यान्स ट्रस्टी सदस्यता प्राप्त गर्दछन् र उनले मात्र उम्मेदवार बन्ने वा मतदान गर्ने जस्ता सदस्यताका अधिकारहरू प्रयोग गर्न सक्दछन् ।

**ट्रस्टीका स्तरहरू:**

१) सिल्भर ट्रस्टी: कम्तिमा ५,००० डलर सहयोग दिने दाता,

२) गोल्डन ट्रस्टी: कम्तिमा १०,००० डलर सहयोग दिने दाता,

३) प्लाटिनम ट्रस्टी: कम्तिमा २५,००० डलर सहयोग दिने दाता र

४) डायमण्ड ट्रस्टी: कम्तिमा ५०,००० डलर सहयोग दिने दाता

५) वाल अफ अनर ट्रस्टी (उच्च सम्मानित ट्रस्टी): कम्तिमा १००,००० डलर सहयोग दिने दाता

**स्पष्टिकरणः**

- पुराना आजीवन वा ट्रस्टी सदस्यहरूलाई नयाँ नियमले असर गर्ने छैन । कम्तिमा ३,४०० डलर सहयोग गर्ने पुराना ट्रस्टीहरू सम्मानित "संस्थापक ट्रस्टी" हुन् ।
- डायमण्ड ट्रस्टी र यस भन्दा माथिका उच्च चन्दादातालाई संरक्षक (Patron) को दर्जा दिईनेछ ।

---

## *भाग ५: ग्रेटर अस्टिन नेपाली सामुदायिक तथा आध्यात्मिक केन्द्र*


## (Greater Austin Nepali Community and Spiritual Center - GANCSC)

ग्रेटर अस्टिन नेपाली सामुदायिक तथा आध्यात्मिक केन्द्र ग्यान्सद्वारा संचालित आफ्नो स्वामित्वमा रहेको सम्पत्ति र यसको विकाश गर्ने एउटा स्थायी प्रकृतिको परियोजना हो । ग्यान्स संस्थाको नाम हो भने ग्यान्क ग्यान्सको स्वामित्वमा रहेको एउटा परियोजना हो । यसलाई छोटकरीमा ग्यान्स सामुदायिक केन्द्र पनि भन्न सकिन्छ ।

नेपाली भाषा र संस्कृतिको जगेर्ना गर्ने, सिंगो समुदायलाई समेट्दै तिनका हरेक समस्या र आवश्यकताहरूमा साथी बन्ने, मर्दा पर्दा सरसहयोग गर्ने उद्देश्यमा सघाउ पुऱ्याउने उद्देश्यले ग्यान्सले यसको सुरुवात गरेको हो । यसमा सबै सामाजिक गतिविधिहरूलाई व्यवस्थित गर्न एक सामुदायिक घर वा केन्द्र निर्माण गर्ने जहाँ नेपालको सांस्कृतिक पहिचानको रुपमा रहेको पशुपतिनाथ तथा बौद्ध मन्दिर, योगाभ्यास केन्द्र, विभिन्न आवश्यक गतिविधिहरू गर्ने ठाउँ, खेलकुद, मनोरंजन, पार्टी हल र पार्क सहितको सामुदायिक केन्द्र यसमा पर्दछन् । यसको खरिद, निर्माण, सुधार र संचालनको नेतृत्व गर्न ग्यान्स बोर्ड अफ ट्रस्टी र उप समितिहरू गठन गरिने छन् । यो परियोजनाका लागि सहयोग गर्ने ग्यान्सका चन्दादाता र ग्यान्सका ट्रस्टी हुन् साथै यसलाई संचालन गर्ने बोर्ड अफ ट्रस्टी पनि ग्यान्सको नेतृत्व समिति हो । तलको लोगोले यही ग्यान्सको परियोजनालाई मात्र प्रतिविम्वित गर्दछ ।

---

# *भाग ६: संस्थाको संगठन संरचना (Organization Structure)*




१. ग्यान्समा कार्य समिति र बोर्ड अफ ट्रस्टी गरी दुई प्रमुख नेतृत्व समितिहरू छन्, जुन संयुक्त रूपमा संस्था सञ्चालन गर्ने छन् ।

२. कार्य विभाजनका तीन तह:

- कार्य समितिको क्षेत्र: नेपाली समुदायको प्रतिनिधि बनेर उनका सुख दुखमा साथ दिने उद्देश्यले गरिने सबै कार्यक्रमहरू ।
- बोर्ड अफ ट्रस्टीको क्षेत्र: ग्यान्स सामुदायिक तथा आध्यात्मिक केन्द्रको खरिद, निर्माण, मर्मत सुधार तथा व्यवस्थापन ।
- संयुक्त कार्य क्षेत्र: वार्षिक सधारण सभा, विधान, आर्थिक, चाडपर्व जस्ता साझा विषयहरू ।

३. संस्थाका कतिपय महत्वपूर्ण निर्णयहरू संयुक्त बैठकले नैं गर्नु पर्नेछ । यसमा तल सबैका आफ्ना कार्य क्षेत्रहरू स्पष्ट गरिएको छ, यसैका आधारमा कुन बिषयमा कुन समितिको वा संयुक्त बैठक बस्ने भन्ने तय गर्नु पर्नेछ । कार्य विभाजनले स्पष्ट छुट्याएका विषयमा मात्र एक्लै समितिले निर्णय गर्न सक्छन् । सामुहिक बैठक बोलाएर संयुक्त रुपमा गरेका कुनै पनि निर्णयहरूको जवाफदेहिता दुवै समितिहरूले लिनु पर्नेछ । यदि एक्लो समितिले गरेका कुनै पनि निर्णय विवादास्पद भएमा पनि संयुक्त बैठक बोलाई संयुक्त निर्णय गराई विवादको समाधान गर्नु पर्नेछ ।

४. संयुक्त बैठकको अध्यक्षता बोर्ड अफ ट्रस्टी प्रमुखले र संचालन ग्यान्स अध्यक्ष (बोर्ड अफ ट्रस्टी सदस्य सचिव) ले गर्ने छन् । कहिलेकाही कुनै उप समितिले वा कार्य समितिले वा बोर्ड अफ ट्रस्टीले आफ्ना विषयका काममा सुझाव र सहयोग लिने उद्देश्यले अरु समितिका जो कोहीलाई वा सबैलाई बोलाउन सक्दछन् र त्यस्तो बैठकको अध्यक्षता बैठक आयोजक प्रमुखले नैं गर्ने छन् र बाहिरका अरु आमन्त्रितको रुपमा बैठकमा उपस्थित हुन्छन् । यस्तो बैठकलाई संयुक्त बैठकको रुपमा लिइने छैन ।

greater atlanta nepali society

५. ग्यान्स अध्यक्ष र बोर्ड अफ ट्रस्टी प्रमुख बिच वा ग्यान्स कार्य समिति र बोर्ड अफ ट्रस्टी बिच राम्रो समन्वय र समझदारी हुन अनिवार्य छ। केही उप समितिहरू ग्यान्सको संयुक्त बैठकले निर्णय गरेर संयुक्त बैठककै मातहतमा रहने गरी निर्माण गरिने छन्।

---

## भाग ७: ग्यान्स नेतृत्व गठन प्रक्रिया (Leadership Selection Process)

हरेक ३ वर्षमा मे महिनामा हुने अधिवेशनमा प्रत्यक्ष निर्वाचन प्रक्रियाबाट नेतृत्व चयन हुनेछ।

१. **कार्य समितिः** अध्यक्ष तथा बोर्ड अफ ट्रस्टी सदस्य सचिव १, बरिष्ठ उपाध्यक्ष तथा बोर्ड अफ ट्रस्टी सदस्य १, महिला उपाध्यक्ष तथा बोर्ड अफ ट्रस्टी सदस्य १, उपाध्यक्ष तथा बोर्ड अफ ट्रस्टी सदस्य १, महासचिव तथा बोर्ड अफ ट्रस्टी सहायक सदस्य सचिव १, सचिव तथा बोर्ड अफ ट्रस्टी सदस्य १, कोषाध्यक्ष तथा बोर्ड अफ ट्रस्टी सदस्य १ र सदस्य तथा बोर्ड अफ ट्रस्टी सदस्य ४ गरी जम्मा ११ जना आम ग्यान्स सदस्यहरू (साधारण, आजिवन तथा ट्रस्टी) बाट निर्वाचित हुने छन्। कार्य समितिले आवश्यक परे थप ६ जना सम्म सदस्य पछि मनोनयन गरी १७ सदस्यीय सम्मको समिति बनाउन सकिनेछ।

२. **बोर्ड अफ ट्रस्टीः** प्रमुख १, उप प्रमुख १ र ६ सदस्यहरू गरी ८ जना आम ट्रस्टी सदस्यहरूबाट निर्वाचित हुन्छन्। यसरी ११ जना आम सदस्यहरूको मतबाट र ८ जना आम ट्रस्टीहरूको मतबाट गरी १९ सदस्यीय बोर्ड अफ ट्रस्टी निर्वाचित हुनेछ। यसको बैठकले आवश्यकताका आधारमा ६ जना सम्म मनोनित गरी बढीमा २५ सदस्यीय सम्मको समिति बनाउन सकिनेछ।

३. कार्य समिति तथा बोर्ड अफ ट्रस्टीको निर्वाचन एउटै लाईनबाट २ अलग मतपत्रमा एकै दिन हुनेछ। सकभर सबैलाई पायक पर्ने गरी कम्तिमा १० घण्टाको मतदान समय सुनिश्चित गरिनेछ।

४. पदाधिकारीहरूका विशेष रुपमा तोकिएका बाहेक मुख्य जिम्मेवारीहरू:
   - अध्यक्ष / प्रमुखः योजना बनाउने, बैठकको अध्यक्षता गर्ने, समन्वय गर्ने।
   - उपाध्यक्ष / उप प्रमुखः प्रमुखलाई सहयोग गर्ने, अनुपस्थितिमा काम सम्हाल्ने।
   - महासचिव / सदस्य सचिवः निर्णय लागू गर्ने, रेकर्ड राख्ने।
   - सचिव / सहायक सचिवः सचिवीय काममा सहयोग गर्ने।
   - कोषाध्यक्ष / आर्थिक प्रमुखः पारदर्शी आर्थिक व्यवस्थापन गर्ने, रिपोर्ट गर्ने।
   - सदस्यहरूः नीति, कार्यक्रम सफल बनाउन सहयोग गर्ने।

---

## भाग ८: उप समिति तथा विभागहरू (Sub Committee and Departments)

१. उप समिति वा विभाग एउटा निश्चित रुचीको विषयमा सहज ढंगले काम गर्न र नेतृत्व विकाश गर्न पाईने, समाज वा संस्थालाई सघाउन पाईने राम्रो कार्य स्थल हो। समितिले उप समिति वा विभागहरू

greateraustin nepali society

मार्फत आफ्ना कामहरूलाई सहज र प्रभावकारी बनाउन सक्छन् । उप समिति वा विभागहरूमा धेरै भन्दा धेरै समुदायका मानिसहरूलाई समेटेर राम्रो प्रजातान्त्रिक अभ्यास र सहभागिताको अभ्यास गर्न प्रोत्साहित गरिनेछ ।

२. कार्य समिति, बोर्ड अफ ट्रस्टी र संयुक्त टिम ग्यान्स नेतृत्वका मूल समितिहरू हुन् । यसै ३ तहको नेतृत्वका आ आफ्ना कार्य क्षेत्र भित्रका कामहरूलाई व्यवस्थित गर्न आ आफूले उप समिति वा विभागहरू समिति भित्रका कसैलाई प्रमुख तोकी आवश्यकता र उपलब्धताका आधारमा उप समिति वा विभाग विस्तार गर्न सक्ने छन् ।

३. उप समिति वा विभागहरू मूल समितिको मातहतमा रहेर मूल समितिकै सम्वन्धित विभागीय कामहरूमा सहयोग गर्नका लागि हुन् । तिनको मुख्य काम मूल समितिलाई निर्णय गर्न सुझाव वा एजेण्डा तयार गरी सहयोग गर्ने र भएका निर्णयहरूको कार्यान्वयनमा आवश्यक निर्णय गरी कार्यान्वयन गर्ने हुनेछ ।

४. उप समितिका प्रमुख र उपप्रमुख अनिवार्य ट्रस्टी सदस्य हुनु पर्नेछ, अन्य सदस्य साधारण वा आजीवन सदस्य पनि हुन सक्ने छन् ।

५. मन्दिरसँग सम्बन्धित समितिमा, आस्थाका आधारमा गैर-नेपाली सहयोगी सदस्यहरू पनि समेट्न सकिनेछ, प्रमुख र उपप्रमुख भने ट्रस्टी सदस्य अनिवार्य हुनु पर्नेछ ।

६. कुनै पनि समितिका आफ्ना कामलाई व्यवस्थित गर्न विधानले तोकेका उप समिति वा विभाग अपुग लागेमा थप उप समिति वा विभाग बैठकको निर्णयले बनाउन सक्ने छन् ।

७. खास विषयमा कुनै स्थानीय समूह वा संघ संस्थाबाट काम भैरहेकोछ भने ग्यान्स त्यसको प्रतिस्पर्धी वा बाधक नबनी त्यसमैं कसरी समन्वय, सहभागी र सहयोगी बन्न सकिन्छ भनेर काम गर्नु पर्नेछ । मूल समितिले खास विषयको प्रमुख तोके पछि उप समिति वा विभाग बिस्तार गरेर वा त्यस्तै काम गरिरहेका कुनै संघ संस्था भएमा तिनीहरू सितै मिलेर वा समन्वय गरेर उप समिति वा विभागीय प्रमुखले काम गर्नु पर्नेछ ।

८. मूल समितिका सबै कामहरू सामान्यतया उप समिति मार्फत नैं प्रक्रिया अघि बढाउनु पर्नेछ ।

९. उप समितिको कार्य क्षेत्र हस्तक्षेप हुने गरी अरुले काम गर्न पाईने छैन । तर उप समिति निस्कृय रहेको अवस्थामा उक्त कामको जिम्मेवारी मूल नेतृत्वको काँधमा आउनेछ । उप समितिको निस्कृयताको कारण देखाएर कुनै काम रोक्न वा जिम्मेवारीबाट पन्छिन नेतृत्वलाई मिल्ने छैन । ग्यान्स कार्य समिति वा बोर्ड अफ ट्रस्टीमा भएका सबैको आई पर्दा तोकिएको जिम्मेवारी बाहेक पनि संस्थाका सबै जिम्मेवारीहरू हुनेछन् ।

१०. सामान्यतया कुनै पनि कार्यक्रमको आयोजक मूल समितिहरू कार्य समिति वा बोर्ड अफ ट्रस्टी नैं हुनेछन् । तर खास परिस्थितीमा मूल समितिको सहमतीमा विभाग वा उप समिति आफैं पनि कुनै कार्यक्रमको आयोजक हुन सक्ने छन् ।

*भाग ८ (क) ग्यान्स कार्य समिति अन्तर्गत विभागहरू*

१. **खेलकुद तथा अतिरिक्त क्रियाकलाप विभाग:** खेलकुद तथा विभिन्न गतिविधिहरू नियमित संचालित गराउने काम यस विभागको हुनेछ। खेलकुद तथा अतिरिक्त क्रियाकलापहरूको आयोजना गर्दा यसले मितव्ययी भई संस्थालाई पनि आर्थिक लाभको सुनिश्चितता गर्ने प्रयास गर्नु पर्नेछ।

२. **नेपाली पाठशाला विभाग:** हाम्रो नेपाली मातृभाषा भावी पुस्तालाई सिकाउने साथै नेपाली असल संस्कृति भावी पुस्तामा हस्तान्तरण गराउने काममा यो विभागको प्रमूख भूमिका हुनेछ।

३. **सामाजिक सेवा तथा परोपकार विभाग:** मानिसहरूलाई मर्दा पर्दा सारो गाह्रोमा सहयोग गर्ने ग्यान्सले गर्नु पर्ने एउटा महत्वपूर्ण काम हो। भैपरि आउने मानवीय सेवाका कामहरू यस विभाग मार्फत ग्यान्सले गर्नु पर्नेछ। यस विभागले एक परोपकार कोषको संचालन एक अलग्गै हिसाव किताव राखेर गर्नेछ। यस कोषलाई बलियो बनाउने र सही काममा परिचालन गर्न विनियमहरू पनि बनाउन सकिनेछ।

*भाग ८ (ख) ग्यान्स बोर्ड अफ ट्रस्टी अन्तर्गत उप समितिहरू*

**१. इन्जिनियरिंग तथा प्राविधिक समिति**

कुनै पनि निर्माणसँग सम्वन्धित योजनाहरू कानुनी प्रक्रिया मिलाएर गर्नु पर्ने नाप नक्साका कामहरू यस उप समितिका कार्य क्षेत्र हुन्। निर्माण तथा सुधारको पहिलो प्रक्रिया यही उप समितिबाट सुरु हुन्छ। कला समितिले अर्थात नेतृत्वले परिकल्पना गरेको कुनै पनि संरचनाको सम्भाव्यता अध्ययन गरी कार्यान्वयनका लागि अघि बढाउन यस समितिको भूमिका रहनेछ।

**२. सामुदायिक तथा आध्यात्मिक केन्द्र व्यवस्थापन समिति**

हामी सित भएको सामुदायिक तथा आध्यात्मिक केन्द्रका सामुदायिक भवन, मन्दिर, बगैंचा तथा पार्किंग सबैको मर्मत सम्भार, सरसफाई र हेरचाह गर्दै भाडाको समेत व्यवस्थापन गर्ने र केन्द्रका लागि राम्रो आय श्रोत बनाउने यस समितिको काम हुनेछ। यसले आर्थिक समितिसित समन्वयमा काम गर्नु पर्ने भएकाले यसका प्रमुख आर्थिक समितिमा पदेन सदस्य हुनेछन् र आर्थिक प्रमुख पनि यस समितिमा पदेन सदस्य रहने छन्। केन्द्रलाई कसरी सुविधा सम्पन्न र आकर्षक बनाउन सकिन्छ भनेर यस समितिले विशेष ध्यान पुऱ्याउनु पर्नेछ।

**३. पूजा व्यवस्थापन समिति**

मन्दिरमा आवश्यक पूजारी, नियमित पूजाआजा, विशेष पूजाआजा, चाड पर्व आदिको व्यवस्थापन, मन्दिर खोल्ने, वन्द गर्ने, नियमित सरसफाई र सुरक्षा व्यवस्था यस समितिका कामहरू रहने छन्।

greateraustin nepalisociety



## १. विधान तथा अनुशासन समिति

### (क) गठन र भूमिका

१. ग्यान्स मूल नेतृत्व समिति अर्थात कार्य समिति तथा बोर्ड अफ ट्रस्टीको संयुक्त बैठकले एक प्रमुख तोकी ग्यान्स विधान तथा अनुशासन समितिको गठन गर्नेछ । यस समितिको जिम्मेवारीहरूमा विधानको अध्ययन, ब्याख्या, कार्यान्वयन, विवाद निरूपण, उजुरी छानबिन, र अनुशासन कायम राख्ने कार्यहरू समावेश छन् । विधान संशोधन गर्नु पर्ने समयमा विधान समितिको भूमिका महत्वपूर्ण हुनेछ ।

२. विद्यमान विधान सम्बन्धि कुनैं पनि विवाद सिर्जना भएमा अन्तिम निर्णय विधान तथा अनुशासन समितिको सहयोगमा ग्यान्स मूल नेतृत्वदायी समिति अर्थात संचालक तथा कार्य समितिको संयुक्त बैठकले गर्नेछ । विधान समितिका काम वा निर्णयहरू संयुक्त बैठकबाट अनुमोदित हुनु पर्नेछ ।

### (ख) अनुशासनका नियम

१. सदस्यहरूले ग्यान्सको मर्यादा, विधानको मर्म, सामाजिक हित, र एकताको पक्षमा कार्य गर्नुपर्छ । संस्थालाई नकारात्मक असर पर्ने खालका गुटबन्दी गर्न पाईने छैन ।

२. उजुरी वा औपचारिक जानकारी प्राप्त भएमा समितिले समाधानका लागि पहल गर्नेछ ।

३. समितिले अनुशासन कार्यवाही सिफारिस मात्र गर्नेछ; अन्तिम निर्णय संयुक्त बैठकले गर्नेछ ।

४. ग्यान्सका आन्तरिक सांगठनिक कुराहरू ग्यान्सको प्रतिष्ठा र गरिमामा आँच पुग्ने गरी सार्वजनिक गर्न पाईने छैन ।

५. आफूलाई लागेका कुनै पनि जिज्ञाशा र सुझावहरू सम्वन्धित पक्ष बिच मात्र राख्नु पर्नेछ र कुनै पनि वाद विवादको समाधान आन्तरिक रुपमैं छलफल गरेर र सहमती वा संस्थागत निर्णय गरेर समाधान गरिनेछ ।

६. विधान सम्मत प्रक्रियाबाट भएका कुनै निर्णयहरू आफू बैठकमा उपस्थित नभएको भए तापनि वा आफू त्यसमा असहमत भएको भए तापनि त्यस निर्णयको सम्मान र कार्यान्वयनको दायित्व सबैको हुनेछ । यद्दपी असहमत रहेका कुराहरूलाई पुन बैठकको विषय बनाएर पुनर्विचार वा पुन निर्णय गराउन प्रयास गर्ने वाटो जहिले पनि खुल्ला नैं हुनेछ ।

### (ग) सम्भावित कार्यवाहीका स्वरुप र प्रक्रिया

१. समितिवाट निष्कासन वा ग्यान्स सदस्यताको निश्चित अवधिका लागि निलम्बन वा सदस्यता खारेजी वा सदस्यता लिन अयोग्य हुने ।

२. कुनैं अपराधिक क्रियाकलापबाट नेपाली समाज र संस्था असुरक्षित भएमा अमेरिकी नियम कानुनको सहारा लिएर यसको निरुपण गर्ने ।

३. एक पटक कार्यवाहीमा परि सकेको मानिसलाई फेरि सच्चिएर आउने इच्छा राखी उक्त कार्यवाही फुकुवाको माग भएमा त्यस उपर छानविन गरी ३ महिनाको परीक्षण काल पछि विधान तथा अनुशासन समितिको शिफारिसमा कार्य समिति तथा बोर्ड अफ ट्रस्टीको संयुक्त बैठकले कार्यवाही फुकुवा गर्न सक्नेछ ।

४. कसैलाई कुनैं कार्यवाही गर्नु भन्दा अघि राम्रो सित व्यक्तिगत रुपमा सम्झाउनु पर्नेछ । त्यस पछि भएन भने मात्र बाध्यात्मक परिस्थितिमा समयावधि तोकेर लिखित स्पष्टिकरण सोधी स्पष्टिकरणको मौका दिइनेछ । यस पछि पनि प्रयास सफल भएन भने विधान समितिको सिफारिशमा कार्य समिति तथा बोर्ड अफ ट्रस्टीको संयुक्त बैठकले मात्र अनुशासनको कार्यवाही गर्न सक्नेछ । विधान तथा अनुशासन समितिको शिफारिस विना पनि कसैले कसैलाई प्रक्रिया पूरा नगरी कार्यवाही गर्न सकिने छैन ।

## (घ) विधान संशोधन प्रक्रिया

१. विधान संशोधन गर्न परेमा ग्यान्स कार्य समिति र बोर्ड अफ ट्रस्टीको संयुक्त बैठकले आगामी बार्षिक साधारण सभा वा सम्मेलनबाट पारित गराउने उद्देश्यले निर्णय गरी यसको आवश्यक तयारी गर्न विधान समितिलाई कम्तिमा ६ महिना अघि निर्देशित गर्नु पर्नेछ ।

२. विधान समितिले शंसोधन प्रस्तावको प्रतिवेदन तयार गरेर ग्यान्स मूल नेतृत्व समितिलाई ३ महिना भित्र बुझाउनेछ र त्यसपछि विधान समिति सहित ग्यान्स मूल नेतृत्व समिति अर्थात बोर्ड अफ ट्रस्टी तथा कार्य समितिको संयुक्त बैठकमा छलफल गरेर विधान मस्यौदामा निर्णय गरी सम्मेलनको कम्तिमा २ महिना अगावै सार्वजनिक गरी समुदायमा ब्यवस्थित ढंगले छलफल गराई, थप सुझाव संकलन गरी सम्मेलनमा पेश गर्नु अघि अन्तिम प्रस्तावित मस्यौदाको निर्णय संयुक्त बैठकले गर्नु पर्नेछ जसलाई सम्मेलन मार्फत अनुमोदन गराए पछि मात्र नयाँ विधान लागु हुनेछ ।

३. विधान अधिवेशनको संचालन गर्न बोर्ड अफ ट्रस्टीका प्रमुख, ग्यान्स अध्यक्ष र विधान प्रमुख सहित बढीमा ७ जना सम्मको अध्यक्ष मण्डलको निर्णय मूल समितिहरूको संयुक्त बैठकले गर्नेछ ।

४. भेलामा नयाँ विधान अनुमोदन गराउन वा कुनैं बुँदामा निर्णय गर्न हलमा उपस्थित संख्याको बहुमतबाट गराउन सकिनेछ । विषयको गाम्भिर्यतालाई ख्याल गरी अध्यक्ष मण्डलले चाहेमा असहमतीका बुँदाहरू तय गरी उक्त बुँदाका लागि मात्र मतपत्र तयार गरी कम्तिमा एक महिना प्रचार प्रसार गर्ने समय दिएर कम्तिमा १० घण्टाको समय दिई प्रत्यक्ष मतदान प्रक्रियाबाट निर्णय गर्न सकिन्छ । तव सम्मका लागि पुरानैं विधान सक्रिय रहनेछ ।

५. पुरानो विधान वमोजिम गरिएका कुनैं पुराना काम वा निर्णयलाई नयाँ विधान वा निर्णयले प्रभावित गर्ने छैन ।

६. विधानले स्पष्ट गर्न नसकेका कुनैं विषयमा विधानसित नबाझिने गरी समितिले निर्णय गर्न सक्ने छन् ।

greater austin nepali society

(ङ) **विधानमा संस्थापक सिद्धान्तको सुरक्षा**

१. ग्यान्सको विद्यमान विधानलाई शंसोधन गर्दा विधानमा उल्लेखित प्रस्तावनालाई कानुन विपरित भए बाहेक कुनै हिसावले परिवर्तन गर्न पाईने छैन। अर्थात यसलाई जस्ताको तस्तै निरन्तरता दिन पर्नेछ।

२. ग्यान्स विधानको प्रस्तावनाको भावनाका विपरित हुने गरी विधानमा कुनै वुदाहरू हुन हुन्न। बरु विधानको उद्देश्य वा प्रस्तावनाको भावना अनुकुल संस्थालाई संचालन गर्ने कुराको सुनिश्चितता विधानले नै गर्नु पर्नेछ। ग्यान्स विधानको प्रस्तावनाको भावना विपरित कुनै वुदाको व्याख्या गर्न पनि पाइने छैन।

## २. आर्थिक समिति

बोर्ड अफ ट्रस्टीका आर्थिक प्रमुखलाई प्रमुख र ग्यान्स कार्य समितिका कोषाध्यक्षलाई उप प्रमुख राखी आर्थिक संकलन तथा दुवै समितिका लेखा व्यवस्थापनमा सहयोग पुग्ने गरी सहयोगी टिम निर्माण गर्ने हिसावले ग्यान्स आर्थिक समितिको निर्माण गरिनेछ। यसमा आन्तरिक लेखा परीक्षण गर्न सक्ने योग्यता र क्षमता भएका व्यक्तिहरूलाई समेत सम्भव भए सम्म खोजी गरी समितिमा राख्न प्राथमिकता दिइनेछ।

(क) **आर्थिक समितिको जिम्मेवारीः**

१. आर्थिक संकलन, आर्थिक योजनाहरू बनाउने, लेखा राख्ने र नियमित लेखा परीक्षण गराउने।

२. आर्थिक हर हिसावको फेहरिस्त हरेक ३ महिनाको अद्यावधिक संस्थाको वेवसाईटमा पारदर्शी ढंगले राख्ने।

३. हिसाव कितावको बार्षिक अडिट गराउने।

४. हरेक बैठकमा सम्भव भए सम्म आर्थिक हिसाव कितावको अद्यावधिक गर्ने र ठूला कामहरू सकिए पछिको खर्चलाई अनुमोदन गरी अभिलेख (माइन्युट) गर्ने।

५. खर्च कसरी गर्ने भन्ने बारे र निर्माण कार्यको संझौताको प्रक्रियाका बारेमा आर्थिक समितिको सिफारिसमा मूल नेतृत्व समितिको बैठकले आफू सित सम्वन्धित आर्थिक नियमावली बनाउन सक्ने छन्।

६. बार्षिक साधारण सभामा यदि कसैले आन्तरिक लेखा परीक्षणमा सहयोग गर्न सक्ने योग्यता सहित प्रस्तुत भएमा उनीहरूलाई आर्थिक समितिमा राखी उक्त जिम्मेवारी दिन सकिनेछ।

(ख) **आर्थिक खर्चको नियमः**

१. ग्यान्स कार्य समितिको आर्थिक हर हिसाव तथा बैंक खाता अलग ढंगले कार्य समितिको कोषाध्यक्षको रोहवरमा र सामुदायिक तथा आध्यात्मिक केन्द्रको आर्थिक हिसाव किताव बोर्ड अफ ट्रस्टीका आर्थिक प्रमुखको रोहवरमा हुनेछ। यिनको अलग अलग आर्थिक हिसाव किताव तथा प्रतिवेदन हुनु पर्नेछ।

२. सामुदायिक तथा आध्यात्मिक केन्द्रका लागि भनी तोकेर दिएको चन्दाको रकम नियमित संचालन खर्चमा खर्च गर्न पाईने छैन। चन्दा रकम सामुदायिक तथा आध्यात्मिक केन्द्रका लागि खरिद, निर्माण, मर्मत सुधार र सम्पत्तिको बैंक किस्ता तिर्ने काममा मात्रै खर्च गरिनेछ।

३. कार्य समितिमा परोपकारी कोषको हिसाव अलग्गै राख्नु पर्नेछ। त्यस्तै ग्यान्स बोर्ड अफ ट्रस्टीमा चन्दा संकलनको अलग्गै र चन्दा बाकस, भाडा तथा अन्य आम्दानीको एक अलग बैंक खाता र हिसाव किताव हुनु पर्नेछ जसलाई अतिरिक्त आम्दानी कोष भनिनेछ। संयुक्त कार्य क्षेत्रका कामका आम्दानी तथा खर्च अतिरिक्त आम्दानी कोषमा जम्मा गर्ने र खर्च पनि त्यहीबाट गर्ने। कर्मचारी या पूजारीलाई तलव, विजुली, पानी, इन्टरनेट, सरसफाई जस्ता नियमित संचालन खर्च पनि यही कोषबाट गर्ने। देउसी भैलो, साधारण सदस्यता शुल्क जस्ता आम्दानीहरूलाई पनि यही कोषमा जम्मा गरी संचालन खर्चमा प्रयोग गर्न सकिनेछ।

## ३. कला तथा साँस्कृतिक समिति

कार्य समिति तथा बोर्ड अफ ट्रस्टीको संयुक्त बैठकले बोर्ड अफ ट्रस्टीका कसैलाई कला तथा साँस्कृतिक समितिको प्रमुख तोक्नेछ र आवश्यकता अनुसार समितिको विस्तार गरिनेछ। नेपाली समाजलाई विभिन्न संस्कृतिको फूलवारी मानेर ग्यान्समा सिंगो नेपाल झल्काउने प्रयास यो संस्कृति समितिले गर्नु पर्नेछ। यसका लागि सबै खाले सांस्कृतिक समुहहरूको समन्वय र त्यसको उत्थानमा सरसहयोग पुऱ्याउनु पर्नेछ। नेपाली भाषा, साहित्य र संस्कृतिसँग सम्वन्धित संग्रहालय र पुस्तकालय, विभिन्न सांस्कृतिक विविधताका चाड पर्वहरूको समन्वय र सहयोग, विशेष कार्यक्रमहरूमा सबै खाले साँसकृतिक झाँकी, भेषभुषा, कला, डिजाइन जस्ता क्षेत्रहरूमा यो उप समितिले काम गर्नु पर्नेछ। सांगितिक माहौलका लागि वा भजन किर्तनका लागि आवश्यक सामग्रीहरू, बाजा गाजा, माईक, सांस्कृतिक भेष भुषा र कलाकारहरूको व्यवस्थापन गर्नेछ।

## ४. सूचना तथा संचार समिति

कार्य समिति तथा बोर्ड अफ ट्रस्टीको संयुक्त बैठकले बोर्ड अफ ट्रस्टीका कसैलाई सूचना तथा संचार समितिको प्रमुख तोक्नेछ र आवश्यकता अनुसार समितिको विस्तार गरिनेछ। संस्थालाई व्यवस्थित सूचना, प्रचार र रेकर्ड व्यवस्थापनमा प्रभावकारी बनाउने यस समितिको काम हो। संस्थाका वेवसाईट, फेशवुक, इमेल आदि अनलाईन व्यवस्थापन यसैले गर्नेछ।

## ५. स्वयंसेवक व्यवस्थापन समिति

कार्य समिति तथा वोर्ड अफ ट्रस्टीको संयुक्त बैठकले बोर्ड अफ ट्रस्टीका कसैलाई स्वयंसेवक व्यवस्थापन समितिको प्रमुख तोक्नेछ र आवश्यकता अनुसार समितिको विस्तार गरिनेछ। ग्यान्स जस्तो संस्थामा स्वयंसेवक

समितिको धेरै महत्वछ। यसले कुनै पनि ठाउँमा आवश्यक स्वयंसेवकहरू परिचालन गर्न सक्षम हुने गरी आफ्नो तयारी गर्नु पर्नेछ।

### ६. सल्लाहकार समिति

कार्य समिति तथा बोर्ड अफ ट्रस्टीको संयुक्त बैठकले समाजका लब्ध प्रतिष्ठित अगुवा व्यक्तित्वहरूलाई समेटेर ग्यान्स सल्लाहकार समितिको गठन गर्न सक्नेछ। खासगरी ग्यान्स नेतृत्व समितिमा रहेर लामो समय काम गरी सकेका पुराना प्रतिष्ठित व्यक्तित्वहरूलाई यसमा समेटिनु पर्नेछ। ग्यान्सको उद्देश्य मुताविक सबैलाई समेट्ने र सबैलाई ग्यान्स प्रति अपनत्व भाव ल्याउने वा सिंगो समाजलाई एउटै ग्यान्स मालामा जोड्ने कार्यमा सहयोग पुऱ्याउने काममा यस समितिको दायित्व रहनेछ।

---

## *भाग ९: ट्रस्टी भेला*

प्रत्येक वर्ष कम्तीमा एक पटक ग्यान्स ट्रस्टी सदस्यहरूको भेला आयोजना गर्नु पर्नेछ। यस भेलाले सामुदायिक तथा आध्यात्मिक केन्द्रसँग सम्बन्धित महत्वपूर्ण निर्णयहरू अनुमोदन गर्ने र नीति निर्देशन गर्नेछ। यसका साथै, केन्द्रका कामहरूलाई प्रभावकारी बनाउन विशेष योजनाहरू पनि बनाउन सक्नेछ। बोर्ड अफ ट्रस्टीले यसको आयोजना गर्नेछ।

---

## *भाग १०: बार्षिक साधारण सभा वा अधिवेशन वा सम्मेलन*

### (क) परिभाषा

१. सबै सदस्यहरू (साधारण, आजीवन तथा ट्रस्टी) सहभागी हुन सक्ने अधिकार सम्पन्न भेला, वार्षिक साधारण सभा हरेक वर्ष आयोजना गर्नु पर्नेछ। हरेक तीन वर्षमा नेतृत्व निर्वाचन सहितको अधिवेशन आयोजना गरिनेछ। साधारण सभा वा अधिवेशन वा निर्वाचन संस्थाको सर्वोच्च निकाय हुनेछ।

२. साधारण सभा वा अधिवेशनको मिति, विषयवस्तु र छलफलका बारेमा कार्य समिति र बोर्ड अफ ट्रस्टीको संयुक्त बैठकले गर्नेछ। साधारण सभा भए कम्तीमा दुई महिना अघि, अधिवेशन (निर्वाचन) भए चार महिना अघि, र विधान अधिवेशन भए छ महिना अघि सूचना सार्वजनिक गर्नु पर्नेछ। निर्वाचनको दिन सकेसम्म सबैलाई पायक पर्ने गरी विहानदेखि बेलुका सम्म कम्तिमा १० घण्टाको मतदान गर्ने समय उपलब्ध गराउनु पर्नेछ।

३. प्रत्येक साधारण सभा वा अधिवेशन (सम्मेलन) मा कार्य समिति र बोर्ड अफ ट्रस्टीको तर्फबाट आर्थिक हिसाब सहित कार्य प्रगति र भावी योजना सहितको प्रतिवेदन प्रस्तुत गरी पारित गर्नु पर्नेछ। यस्ता प्रतिवेदनहरू अधिवेशनमा पेश गर्नु पूर्व आफ्ना समितिको बैठकबाट निर्णय गरी समितिकै तर्फबाट प्रस्तुत गर्नु पर्नेछ।

## (ख) निर्वाचन आयोग

१. हरेक ३ बर्षमा मे महिनामा हुने ग्यान्स अधिवेशन (निर्वाचन) का लागि बढीमा ७ सदस्यीय सम्मको निर्वाचन आयोग कार्य समिति र बोर्ड अफ ट्रस्टीको संयुक्त बैठकले निर्णय गरी निर्वाचन अघिको बार्षिक साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ। तर यस आयोगले अधिवेशनको ४ महिनाअघि मिति घोषणा नगरी औपचारिक रुपमा काम सुरु गर्ने छैन।

२. निर्वाचन आयोगको जिम्मेवारी ग्यान्सको नयाँ नेतृत्वका लागि स्वतन्त्र तथा निष्पक्ष निर्वाचन सम्पन्न गर्ने र अधिवेशनको बन्द सत्र संचालन गर्ने हुनेछ। आवश्यक निर्णय गर्न आयोग स्वतन्त्र र अधिकार सम्पन्न हुनेछ।

३. अधिवेशन हलमा वर्तमान नेतृत्व समितिहरू विघटन हुनु अघि सम्म यी सबै समितिहरूले यथावत काम गर्ने छन्।

४. निर्वाचन आयोगले तीन महिना अगावै निर्वाचन कार्यक्रमहरू प्रकाशित गर्नु पर्नेछ।

५. सदस्यता दर्ता प्रक्रिया अनलाइन र कागज फारममार्फत सरल र सहज बनाइनु पर्नेछ। निर्वाचनको मिति घोषणा भएपछि एक महिनाभित्र सबैलाई सदस्यता दर्ता गरिसक्न सूचना दिनु पर्नेछ। त्यसपछि निर्वाचनसम्मका लागि सदस्यता दर्ता बन्द गरिनेछ।

६. चुनावी प्रचारप्रसारमा कुनै उम्मेदवारले जातीय, क्षेत्रीय, धार्मिक वा राजनीतिक आधारमा भोट माग्न वा व्यक्तिगत लाञ्छना लगाउन पाइने छैन। उम्मेदवार बाहेकको समूह बनाएर प्रचारप्रसारमा कुनैं उम्मेदवार संलग्न हुन पनि पाउने छैनन्। निर्वाचन आयोगले थप कार्यविधि र निर्वाचन आचारसंहिता बनाउन सक्नेछ।

७. निर्वाचन आयोगका काम कारबाही विवादास्पद भएमा कार्य समिति, बोर्ड अफ ट्रस्टी र विधान समितिको संयुक्त बैठकले अन्तिम निर्णय गर्नेछ।

८. अधिवेशन दुई चरणमा सम्पन्न हुनेछ: उद्घाटन सत्र र बन्द सत्र। उद्घाटनमा जोसुकै आउन सक्छन् तर बन्द सत्र सदस्यहरू मात्र सहभागी हुन पाउने छन्। तथापि आयोजकले यसमा निर्णय गर्न सक्ने छन्। बन्द सत्रको अध्यक्षता तथा संचालन निर्वाचन आयोगले गर्नेछ। बन्द सत्रमा प्रतिवेदनहरू पारित गरिसकेपछि निर्वाचन आयोगद्वारा नव निर्वाचित नेतृत्वको घोषणा, सपथ ग्रहण र प्रमाणपत्र वितरण गर्नेछ।

(ग) **सपथ**

ग्यान्स मूल नेतृत्व समितिहरू कार्य समिति तथा बोर्ड अफ ट्रस्टीका पदाधिकारीहरूले निम्नानुसार पद तथा गोपनियताको सपथ लिनु पर्नेछः

**'म (नाम) ईश्वर तथा नेपाली समाजलाई साक्षी राखी यो सपथ ग्रहण गर्दछु कि सामाजिक सेवा जस्तो पवित्र काम गर्ने उद्देश्य बोकेको यस ग्रेटर अस्टिन नेपाली सोसाइटीको कार्य समिति/बोर्ड अफ ट्रस्टी पदाधिकारी सदस्यको गरिमामय पद ग्रहण गरिरहदा मैले यस संस्थाको विधान र भावना विपरित कहिल्यै कुनै गतिविधी गर्ने छैन । संस्थाको अनुशासनमा रही कुनै पनि व्यक्तिगत वा गुटगत स्वार्थ भन्दा माथि उठेर सदैव यस संस्था र नेपाली समाजको हक र हित प्रवर्द्धनमा नैं मेरो ध्यान तथा योगदान रहिरहनेछ । जय ग्यान्स ! जय नेपाली समाज !'**

---

## *भाग ११: बैठक प्रक्रिया तथा कमिटी पद्धति*

१. कुनै पनि समितिको बैठक हरेक तीन महिनामा कम्तीमा एक पटक, ट्रस्टी भेला वर्षमा कम्तीमा एक पटक, वार्षिक साधारण सभा वर्षमा एक पटक, र अधिवेशन तीन वर्षमा एक पटक गर्नु पर्नेछ । यो नियममा अनलाईन बसेका बैठकको गणना हुने छैन । अधिवेशन समयमा गर्न नसकिने विशेष परिस्थिति सिर्जना भएमा बढीमा छ महिनासम्म पर सार्न सकिनेछ ।

२. ग्यान्स नेतृत्व समितिहरूको बैठकको वैधानिकता सुनिश्चित गर्न कम्तीमा जम्मा सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी उपस्थित हुनु पर्नेछ, प्रोक्सी गणना गर्न सकिने छैन । गणपुरक संख्या नपुगेको अवस्थामा निर्णय गरी काम गरिएको खण्डमा पछि विधिसम्मत बैठकले त्यसलाई अनुमोदन गर्नु पर्नेछ । ट्रस्टी भेला, साधारण सभा र अधिवेशन समयमै राम्रो सित सूचना दिइ प्रचार प्रसार गरिसके पछि जे जस्तो उपस्थिती हुन्छ त्यसैलाई वैध मानिनेछ । गम्भीर प्रकृतिका निर्णयहरू गर्नुपर्ने खण्डमा अर्को दिन तोकी प्रत्यक्ष निर्वाचन गराउन सकिनेछ, जसको अवधि कम्तीमा १० घण्टाको हुनु पर्नेछ ।

३. विना जायज कारण तीन पटकसम्म बैठकमा अनुपस्थित हुने वा संस्थाको अनुशासनमा बस्न नसक्ने पदाधिकारी वा सदस्यलाई सम्बन्धित समितिको निर्णयबाट बिदा गरी उक्त पद पूर्ति गर्न सकिनेछ ।

---

## *भाग १२: अन्य संघ संस्थाहरूसित ग्यान्सको सम्बन्ध*

ग्यान्स सदस्यहरूले सामाजिक एकता र हितमा खलल नपुग्ने गरी कुनै क्लब वा सामाजिक संघ संस्था स्थापना गर्न र त्यसमा सक्रिय हुन सक्ने छन् । ग्यान्स नेतृत्वले यस्ता संघ संस्थाहरूसँग समन्वयकारी र

सहयोगी भूमिका निर्वाह गर्नु पर्नेछ। नियमित संवाद र समन्वय आवश्यक हुनेछ। समस्या देखिएमा तत्काल वार्ता गरी समाधान गर्ने प्रयास गर्नु पर्नेछ। ग्यान्स कार्य क्षेत्रभित्र खुलेका सबै सामाजिक संघ संस्थाहरूलाई ग्यान्सले आफ्नै पारिवारिक सदस्यको रूपमा व्यवहार गर्नेछ।

ग्यान्सको जस्तै एउटै सामाजिक उद्देश्य बोकेका छिमेकी संघ संस्थाहरूसित ग्यान्सको भाइचारा सम्वन्ध स्थापित गरेर सामाजिक साझा हितमा सहकार्य गर्न सकिनेछ।

ग्यान्सले आयोजना गरेको कुनै पनि कार्यक्रम ग्रेटर अस्टिनबासी सबैको साझा कार्यक्रम हुनेछ। ग्यान्स क्षेत्र भित्र खडा भएका संघ संस्थाहरूले आफू आयोजक भएर गर्ने कार्यक्रमहरू ग्यान्स सित समन्वय गरेर ग्यान्स द्वारा प्रायोजित वा सहयोगमा भन्ने उल्लेख गर्न र ग्यान्सको लोगो प्रयोग गर्न चाहेमा त्यसो गर्न सक्ने छन्।

धन्यवाद्।

**<u>विधानको आधिकारिकता प्रमाणित:</u>**

यो ग्यान्स विधानलाई संशोधन गर्ने उद्देश्यले ६ महिना अधिबाट विधान समिति मार्फत ग्यान्स नेतृत्व र आम सदस्यहरु माझ छलफल चलाई विधान मस्यौदा तयार पारी ग्यान्सको १० औं बार्षिक साधारण सभा विधान विशेष अधिवेशन (मे ४, २०२५) र त्यसकै निरन्तरता स्वरुप निर्वाचन (जुन १५, २०२५) द्वारा विधिसम्मत निर्णय गरी आधिकारिक रुपमा लागु गरियो।

अध्यक्ष मण्डल

१. डा॰ कमल अधिकारी, संचालक समिति संयोजक
२. विदुर खतिवडा, ग्यान्स कार्यसमिति अध्यक्ष
३. देवराज न्यौपाने, संचालक समिति सदस्य, विधान प्रमुख
४. निरोज मानन्धर, संचालक समिति सदस्य
५. सुरज अधिकारी, संचालक समिति सदस्य सुरज अधिकारी
६. टिका मायाँ गुरुङ्, संचालक समिति सदस्य
७. सुर्य कार्की, संचालक समिति सदस्य